# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, माघ २६ गते, २०८२ साल (संख्या ६२


## भाग ३

### नेपाल सरकार

### सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको

### सूचना

**संवत् २०८२ सालको नियमावली (नेराप) नम्बर ३८**

**<u>नेपाल प्रशासन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) (सातौं संशोधन) नियमहरू, २०८२</u>**

नेपाल प्रशासन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

**१.** **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "नेपाल प्रशासन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) (सातौं संशोधन) नियमहरू, २०८२" रहेको छ।

(२) यी नियमहरू तुरून्त प्रारम्भ हुनेछन्।

**२.** **नेपाल प्रशासन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को अनुसूचीमा संशोधन** : नेपाल प्रशासन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को अनुसूची-४ को खण्ड (ग) को क्रमसङ्ख्या १, २ र ३ को सट्टा देहायको क्रमसङ्ख्या १, २ र ३ राखिएको छ :-

"

| क्र.सं | पद | न्यूनतम योग्यता |
|---|---|---|
| १. | राजपत्राङ्कित द्वितीय श्रेणीको पद | मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा लेखा वा वित्त विषयसहित स्नातकोत्तर तह उत्तीर्ण वा कुनै विषयमा स्नातकोत्तर तहसहित चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त । |
| २. | राजपत्राङ्कित तृतीय श्रेणीको पद | मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा लेखा वा वित्त विषयसहित |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | | स्नातक तह उत्तीर्ण वा कुनै विषयमा स्नातक तहसहित चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण । |
| ३. | राजपत्र अनङ्कित प्रथम श्रेणीको पद | मान्यताप्राप्त शिक्षण संस्थाबाट लेखा वा वित्त विषयसहित कक्षा १२ (१०+२) वा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |

**स्पष्टीकरण :** निजामती सेवा नियमावली, २०५० को नियम ७५ मा व्यवस्था भएकोमा सोही बमोजिम र सो बाहेकको अन्य अवस्थामा बढुवा प्रयोजनका लागि यो व्यवस्था १ (एक) वर्षपछि मात्र लागू हुनेछ।"

**आज्ञाले,**

**चन्द्रकला पौडेल**

**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।